

नीतिपत्र

# प्रमाणदेखि कार्यान्वयनसम्म

## नेपालमा समयौनिक महिला, समयौनिक पुरुष, द्वियौनिक व्यक्ति, पारलैङ्गिक व्यक्ति, अन्तरलिङ्गी व्यक्ति, क्वयेर (LGBTIQ+) व्यक्तिहरू विरुद्ध हुने हिंसाको सम्बोधन

नेपालले LGBTIQ+[1] अधिकारको क्षेत्रमा उल्लेख्य प्रगति हासिल गरेको छ । केही कानुनी प्रगतिहरू भए तापनि नेपालमा LGBTIQ+ व्यक्तिहरूले आफ्नो जीवन भरि परिवार, शिक्षक, सहकर्मी, प्रहरी र स्वास्थ्य सेवा प्रदायकहरूबाट विभिन्न किसिमका हिंसाहरूको सामना गर्दै आइरहेका छन् । यही वास्तविकताको सन्दर्भमा यस संक्षिप्त नीतिपत्रले नेपालमा यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिव्यक्ति र यौन विशेषता (यौभिकयौता) मा आधारित समयौनिक महिला (lesbian), समयौनिक पुरुष (gay), द्वियौनिक (bisexual), पारलैङ्गिक (transgender), अन्तरलिङ्गी (intersex), क्वयेर (Queer) [LGBTIQ+] व्यक्तिहरूले भोग्दै आएका हिंसाका प्रमाणसहितका अनुभवहरू र त्यस्ता हिंसाको परिणामका साथै *पिडित-प्रभावितहरूको सहायता खोज्ने व्यवहारहरू प्रस्तुत गरेको छ । यस नीतिपत्रले LGBTIQ+ व्यक्तिहरूका लागि सहयोगी कानुन र त्यसको नियमन खाकाको विकासको साथै उनीहरूको आवश्यकतालाई सम्बोधन गर्ने नीति तथा सेवाहरूको निर्माण एवं उपयुक्त अनुगमन र मूल्याङ्कन संयन्त्रको स्थापना लगायतका सकारात्मक कदम पनि प्रस्ताव गर्दछ । यस नीतिपत्रमा उल्लेखित सुझावहरू पिडित-प्रभावित LGBTIQ+ व्यक्तिहरू, सो समूहसँग प्रत्यक्ष रूपमा अन्तरक्रिया गर्ने सेवा प्रदायक र निर्णायक स्तरमा रही काम गर्ने नीति निर्माताका दृष्टिकोणहरूको विस्तृत विश्लेषण समेटेर तयार पारिएको छ । यो संक्षिप्त नीतिपत्र एउटा वृहत अध्ययन प्रतिवेदन "प्रमाणदेखि कार्यान्वयनसम्म: नेपालमा समयौनिक महिला, समयौनिक पुरुष, द्वियौनिक व्यक्ति, पारलैङ्गिक व्यक्ति, अन्तरलिङ्गी व्यक्ति, क्वयेर+ (LGBTIQ+) व्यक्तिहरू विरुद्ध हुने हिंसाको सम्बोधन" मा आधारित छ ।

> *"LGBTIQ+ समुदायहरूले आफ्नो पहिचान र समावेशिताको लागि लामो संघर्षको समाना गरेका छन् । उनीहरूको अस्तित्वको पहिचान भए पनि उनीहरूले भोगेका मुद्दाहरूप्रति भर्खरै मात्र राज्यको ध्यानाकर्षण भएको छ । संविधानमा उनीहरूको अधिकार सुनिश्चित हुनु एक ठूलो उपलब्धि हो । तर यस पछिको अर्को कदम भनेको सरकारी निकायहरूमा शिक्षा र चेतना जगाइ संविधानमा भएका धाराहरूलाई कानुन र नीतिनियममा परिणत गर्नु हो । यस विषयमा प्रगति भएतापनि समानता र समावेशिताको यात्रा अझै लामो छ । म यस सम्बन्धमा वकालतको पहल अझ सुदृढ हुनुपर्छ भन्ने कुरामा पनि विश्वास राख्छु ।*
>
> *(KII with Policy Maker-08-Ministry of Law Justice and Parliamentary Affairs)*

---

* पिडित-प्रभावित - यो शब्द, सहभागीहरूले फरक शब्द व्यक्त गरेको अवस्थामा बाहेक, यस प्रतिवेदन भर प्रयोग गरिएको छ । "यस शब्दले जोखिम र विजयको वास्तविकता एवं यसैसँग अन्तर-सम्बन्धित विभिन्न उत्पीडनहरूलाई स्वीकार गर्ने आवश्यकतालाई स्वीकार गर्दछ जसले यौन आक्रमण, घनिष्ठ साझेदार हिंसा र दुर्व्यवहारको विद्यमान दर्दनाक अनुभवलाई थप जटिल बनाउन सक्छ ।" थप जानकारीका लागि कृपया हेर्नुहोस् : https://upsettingrapeculture.com/survivor-victim/

## परिचय

नेपालमा विगत दुई दशकमा LGBTIQ+ अधिकारको क्षेत्रमा र त्यसमा पनि कानुनी सुधारका पक्षमा उल्लेखनीय उपलब्धिहरू भएका छन् । वि.सं. २०६४[२] मा सर्वोच्च अदालतले गरेको फैसलालाई LGBTIQ+ अधिकारको क्षेत्रमा एक महत्त्वपूर्ण उपलब्धि मानिन्छ । त्यसैगरी, वि.सं. २०७२[३] मा नेपालले आफ्नो संविधानको धारा १२, १८(३) र ४२(१) मा रहेका नागरिकता, समानता र सामाजिक न्यायका प्रावधानहरू मार्फत LGBTIQ+ समुदायहरूलाई संवैधानिक रूपमा सुरक्षा प्रदान गर्ने विश्वका थोरै देशहरूमध्ये एक बन्न सफल भयो । यी कानुनी र संवैधानिक प्रावधानहरूले LGBTIQ+ व्यक्तिहरूको अधिकारको आन्दोलनलाई अझ बढावा दिनुका साथै यस अभियानका अभियानकर्ता एवं समूहहरूलाई संगठित हुन, परिचालित हुन, कानुनी सुधार र समान अधिकारहरूको वकालतलाई बलियो बनाउन मञ्च प्रदान गऱ्यो ।

यी प्रगतिहरूका बावजुद LGBTIQ+ व्यक्तिहरूले भोग्नुपर्ने लालछाना, विभेद र हिंसा नेपालमा अझै व्याप्त छ[४]। LGBTIQ+ व्यक्तिहरूले विषमलैङ्गिकता (heterosexuality), लैङ्गिक मापदण्ड र हेटेरोनोर्मेटिभिटी (heteronormativity) को प्रचलित धारणालाई चुनौती दिने ठानिएकाले उनीहरूले भेदभावको सामना गर्नुपरिरहेको छ[५]। अन्तरराष्ट्रिय मानवअधिकारको विभिन्न मापदण्ड अन्तर्गत समानता र प्रतिष्ठाको हक सुनिश्चित गरिए तापनि नेपालमा मानव अधिकार संस्थाहरूले देशभर LGBTIQ+ व्यक्तिहरूलाई लक्षित गर्दै उनीहरूको अधिकारको व्यापक उल्लङ्घन र उनीहरूप्रति दुर्व्यवहार भइरहेको उल्लेख गरेका छन् । नेपालमा LGBTIQ+ व्यक्तिहरू विरुद्ध हुने व्यक्तिगत तथा डिजिटल माध्यमबाट हुने हिंसाहरूको केही हदसम्म अध्ययन गरिए पनि अहिले भइरहेको भन्दा पर्याप्त एवं विस्तृत अनुसन्धानको अभाव रहेको छ । एक प्रारम्भिक दस्तावेजहरूको समिक्षा अनुसार नेपालमा LGBTIQ+ समुदाय विरुद्ध हुने हिंसाका विषयलाई लक्षित गरेर अत्यन्त न्युन अध्ययनहरू मात्र गरिएका छन्[६]। यस पृष्ठभूमिमा, UN Women Nepal ले M&C Saatchi World Services, Blue Diamond Society र Viamo Nepal को संलग्नतामा LGBTIQ+ व्यक्तिहरू विरुद्ध हुने हिंसाबारे राष्ट्रिय अध्ययन गरेको थियो ।

## अध्ययनको ढाँचा

यस अध्ययनमा नेपालका सातै प्रदेशलाई समेटिएको छ। यसमा समावेश भएका उत्तरदाताहरूले LGBTIQ+ समुदायमा विभिन्न समूहहरूको प्रतिनिधित्व गरेका छन् । उनीहरू नेपालको सामाजिक संरचनामा फरक फरक स्थान ओगटेर बसेका विविध जातीय पृष्ठभूमिबाट आएका छन् । यस अध्ययनले गुणात्मक र संख्यात्मक अनुसन्धानसहित मिश्रित विधिहरूबाट तथ्यांक संकलन गरेको छ । सन् २०२२ जुनदेखि अक्टोबरसम्म कुल १,१८१ LGBTIQ+ व्यक्तिहरूले यस राष्ट्रिय सर्वेक्षणमा भाग लिएका थिए । त्यसमध्ये ५२ जनाले गुणात्मक छलफलमा समेत भाग लिएका थिए । यस अध्ययनको राष्ट्रिय स्तरमा नैतिक समीक्षा भएको छ ।

**तालिका १ गुणात्मक नमूना**

| सरोकारवाला | LGBTIQ+ जनसंख्या | | सेवा प्रदायकहरू | नीति निर्माता | नीति दस्तावेजहरूको समीक्षा |
|---|---|---|---|---|---|
| तथ्यांक सङ्कलन विधि | विस्तृत अन्तर्वार्ता (IDIs) | सामूहिक छलफल (FGDs) | प्रमुख सूचनादातासँग अन्तर्वार्ता (KIIs) | प्रमुख सूचनादातासँग अन्तर्वार्ता (KIIs) | |
| नमुना | १० | ८ | १० | ८ | |

**IDIs** – In–depth Interviews/विस्तृत अन्तर्वार्ता, **FGDs** – Focus Group Discussions/सामूहिक छलफल, **KIIs**– Key Informant Interviews/प्रमुख सूचनादातासँग अन्तर्वार्ता

## SOGIESC** - आधारित हिंसाका अनुभवहरू


यस राष्ट्रिय सर्वेक्षणले नेपालमा LGBTIQ+ व्यक्तिहरूका विरुद्ध हुने हिंसाको प्रवृत्ती एवं व्यापकता प्रस्तुत गरेको छ। यस सर्वेक्षणले शारीरिक, भावनात्मक, यौनजन्य र आर्थिक हिंसा लगायत विविध प्रकारका हिंसालाई समेटेको छ। अध्ययनको नतिजाले सहभागी LGBTIQ+ उत्तरदाताहरूमध्ये ८१ प्रतिशत (n*=९५८) ले आफू र आफ्नो जीवनकालमा कम्तिमा पनि एकपल्ट यौभिकयौता-आधारित हिंसाबाट पीडित-प्रभावित भएको बताएका छन् । यस सर्वेक्षणमा पिडित-प्रभावितहरूले जीवनभर भोग्दै आइरहेको विभेद, दुर्व्यवहार र सीमान्तीकरणको गुणात्मक चित्रणले थप प्रमाण प्रदान गरेको छ जसमा जीवनभर भोग्नुपरेको भावनात्मक, आर्थिक, शारीरिक र यौन हिंसाको उदाहरणहरूसमेत उल्लेख गरिएका छन् ।

> ***"मेरो परिवारले मलाई मार्ने योजना बनाएको थियो ।"***
> *(IDI-03-Lesbian)*

> ***"मैले मद्दतको लागि प्रहरीलाई फोन गरेँ, तर उनीहरूको प्रतिक्रिया अत्यन्तै नकारात्मक थियो। उनीहरूले मलाई भने "तिमीलाई त्यहाँ जान कसले भन्यो ? हाम्रो कर्तव्य केवल 'सामान्य मानिसहरू'लाई मद्दत गर्ने हो, 'छक्का' र 'हिजडा'हरू प्रति हाम्रो केही जिम्मेवारी छैन ।"***
> *(IDI-08-Trans woman)*

*n= सर्वेक्षणमा सहभागी उत्तरदाताको संख्या, **SOGIESC को लागि नेपालीमा यौभिकयौता प्रयोग गरिन्छ - "यौन अभिमुखिकरण, लैङ्गिक पहिचान तथा यौन विशेषता (यौभिकयौता) : आधारभूत अवधारणा", क्वयेर युथ ग्रुप र क्याम्पेन फर चेन्ज, २०२१, थप जानकारीका लागि कृपया हेर्नुहोस् : https://archive.org/details/basic-sogiesc-nepali/mode/2up

## चित्र १ हिंसाका अनुभवहरूको विभाजन




७१% (n=८४८) ले आफ्नो जीवनकालमा कम्तिमा एक प्रकारको **भावनात्मक हिंसा**को अनुभव गरेको रिपोर्ट गरे

४९% (n=५३९) ले आफ्नो जीवनकालमा कम्तिमा एक प्रकारको **यौनजन्य हिंसा**को अनुभव गरेको रिपोर्ट गरे

४९% (n=५३८) ले आफ्नो जीवनकालमा कम्तिमा एक प्रकारको **शारीरिक हिंसा**को अनुभव गरेको रिपोर्ट गरे

४०% (n=४७०) ले आफ्नो जीवनकालमा कम्तिमा एक प्रकारको **आर्थिक हिंसा**को अनुभव गरेको रिपोर्ट गरे

यस अध्ययनको नतिजाले सामाजिक-आर्थिक अवस्था, अपाङ्गता र जात/जातीयताको जटिल अन्तरक्रियालाई LGBTIQ+ व्यक्तिहरू विरुद्धको हिंसाको बढ्दो जोखिमको कारकको रूपमा पहिचान गरेको छ। निम्न सामाजिक-आर्थिक अवस्था, औपचारिक शिक्षाको अभाव र न्यून आय भएकाहरू हिंसाको उच्च जोखिममा रहेको यस अध्ययनको नतिजाले देखाएको छ। अपाङ्गता भएका व्यक्तिहरूको आय अझै कम हुने भएकाले यो समूहमा जोखिम अझ गहिरो रुपमा रहेको पाइएको छ र उनीहरूले हिंसाको भोग्ने सम्भावना पनि उच्च रहेको छ। अझ, यो अध्ययनले LGBTIQ+ व्यक्तिहरूमा जात/जातीयता र हिंसाको अन्तर्सम्बद्ध सम्बन्धी एक फरक प्रवृत्ति पनि देखाएको छ। यस अध्ययनले देखाए अनुसार मुसलमान LGBTIQ+ उत्तरदाताहरूले कुनै

> *"म मुस्लिम समुदायको हुँ; मुस्लिम समुदायमा हामीजस्तालाई अझ धेरै गाह्रो छ। मानिसहरू हामीलाई देखेर हाँस्छन् र धर्मको आडमा मलाई धम्की दिन्छन्। मलाई ज्यान मार्ने धम्की पनि आउँछ। मजस्ता मानिसहरूलाई मस्जिदमा प्रवेश गर्न अनुमति छैन र हाम्रो पवित्र पुस्तक कुरान पढ्नबाट समेत प्रतिबन्ध गरिएको छ। म सडकमा हिँड्दा मानिसहरूले मलाई 'हिजडा', 'छक्का' जस्ता अपमानजनक नामले बोलाउँछन् र मेरो आमाबुवालाई सोध्छन् कि मलाई उनीहरूको घरमा किन बस्न दिएको ?"*
>
> *(FGD-05-Trans man)*


पनि प्रकारको हिंसाको अनुभव गर्ने सम्भावना सबैभन्दा बढी रहेको र अन्य धर्म र जातजातिको तुलनामा उनीहरूको शिक्षा र आम्दानीको स्तर पनि निम्न रहेको पाइएको छ।

यस विश्लेषणले कानुनी, सामाजिक र सामुदायिक मान्यताहरू जकडिएका प्रचलित प्रणालीगत हिंसाका कारकहरू, विशेषत: हेटेरोनोर्मेटिभिटी (heteronormativity) मा पनि विचार पुऱ्याउनु पर्ने आवश्यकतामा जोड दिएको देखिन्छ। यस अध्ययनले यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक प्रस्तुतीकरण र यौन विशेषतामा (यौभिकयौता) आधारित हिंसाहरूमा आफू निकट समुदाय र समाज दुवै प्रमुख रुपमा रहेको देखाएको छ। सर्वेक्षणको नतिजाले यौन हिंसाको हकमा (६९%, n=३७३), शारीरिक हिंसाको हकमा (५८%, n=३०८), भावनात्मक हिंसाको हकमा (४६%, n=३८९) हिंसाका पीडकहरू अपरिचित वा पीडित-प्रभावितहरूले नचिनेका व्यक्तिहरू रहेको ईंगित गर्दछ। यस अधिको अध्ययनले यस्ता हिंसाहरू आफू निकटका व्यक्तिहरूबाट हुने नतिजा देखाएको तर यस अध्ययनमा फरक पाइएको हुनाले पनि यो नतिजा महत्त्वपूर्ण छ। अपरिचित व्यक्तिहरूबाट हुने हिंसाको उच्च संख्याको कारण हाम्रो समाजमा विद्यमान हेटेरोनोर्मेटिभ संरचनाको प्रभावलाई मान्न सकिन्छ। प्रहरी र स्वास्थ्यकर्मी जस्ता सेवा प्रदायकका साथै परिवारजन र साथीहरू लगायतका नजिकका सामाजिक समूहबाट पनि हिंसा हुने गरेको तथ्य अध्ययनले देखाएको छ।


## चित्र २ हिंसाको जोखिम बढाउने कारकहरू

- निम्न स्तरको शिक्षा
- अपाङ्गता
- जात/जातीयता
- निम्न स्तरको आयश्रोत

**चित्र ३** **यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक प्रस्तुतीकरण र यौन विशेषतामा आधारित हिंसाका पीडकहरू**





**चित्र ४** **यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिव्यक्ति र यौन विशेषतामा आधारित हिंसा र स्वास्थ्य बीचको अन्तरसम्बन्ध**



## ऊजुरी एवं सहयोग खोज्ने व्यवहारहरू

LGBTIQ+ व्यक्तिहरूविरुद्ध हुने हिंसाको पिडित-प्रभावितहरूका लागि औपचारिक सहयोगका सेवाहरू भएतापनि यस अध्ययनको नतिजाहरूले देखाए अनुसार त्यस्ता सेवा प्रदायकहरूमा LGBTIQ+ समुदायप्रतिको संवेदनशीलतामा उल्लेखनीय रुपमा कमी रहेको पाइएको छ। सर्वेक्षणमा सहभागीहरूले उपयुक्त सहयोग उपलब्ध गराउने सेवा प्रदायकहरूमध्ये प्रहरी प्रशासन सबैभन्दा कम प्रभावकारी भएको बताए। यसबाहेक प्रहरी अधिकारीहरूबाटै हुने अपमानजनक व्यवहार र हिंसाले LGBTIQ+ समुदायलाई थप आघात पुर्‍याउने र अविश्वासको वातावरण सिर्जना गर्ने पनि तथ्यांकले देखाएको छ। हिंसा अनुभव गरेपछि सहयोगको अपर्याप्तताका कारणले पनि पिडित-प्रभावितहरू आफूहरूले सीमान्तकृत र एक्लोपनको भावना बढी महसुस गरेको र यसले उनीहरूको अस्वस्थ्यताबाट मुक्त हुने समग्र प्रक्रियामा आघात पुर्‍याएको देखिन्छ।

**चित्र ५ सेवाहरूको प्रभावकारिता बारे उत्तरदाताहरूको धारणा**




## सिफारिसहरू

### नीति निर्माताहरूले के गर्न सक्छन् ?

**LGBTIQ+ व्यक्तिहरू विरुद्ध हुने यौनजन्य हिंसा तथा बलात्कार जस्तो अपराधहरूको अपराधीकरण गर्ने।**

यसका लागि मुलुकी अपराध (संहिता) ऐन, २०७४ (सन् २०१७) लाई संशोधन गरी यसका कानुनी व्यवस्थाहरूलाई अझ बढी यौभिकयौता-आधारित समावेशी बनाउनु पर्ने आवश्यकता देखिन्छ। जस्तो कि मुलुकी अपराध (संहिता) ऐन, २०७४ दफा २१९ मा बलात्कारलाई "पुरुष" द्वारा "महिला" वा "बालिका" विरुद्ध गरिने कार्य भनेर "पुरुष" लाई अपराधी अनि "महिला" वा "बालिका" लाई पिडित-प्रभावितका रुपमा व्याख्या गरेर बलात्कारको अर्थको घेरालाई संकुचित गरेको छ। अतः ऐनमा यौभिकयौता-आधारित समावेशी शब्दहरू सामेल गर्नुपर्ने देखिन्छ। यी शब्दहरू LGBTIQ+ संस्था र यसका पैरवीकर्ताहरूसँग परामर्श गरेर विकास गरिनुपर्छ। दफा २१९ (२ग) मा बलात्कारको परिभाषालाई संशोधन गरी "शरीरको कुनै पनि छिद्रमा वा अङ्गमा कुनै पनि प्रकारका प्रवेश" भनेर समावेश गरिनुपर्छ। यसबाहेक, घरेलु हिंसा ऐन, २०६६, मानव बेचबिखन र ओसारपोसार ऐन, २०६४ र अपराध पीडित संरक्षण ऐन, २०७५मा हिंसालाई सम्बोधन गर्ने सबै कानून, नीति र संयन्त्रहरूलाई LGBTIQ+ समावेशी प्रावधानहरू समावेश गर्ने गरी संशोधन गरिनुपर्छ।

**पारलैङ्गिक महिला, पारलैङ्गिक पुरुष, तेश्रो-लिंगी, अन्तरलिंगी पुरुष, अन्तरलिंगी महिला, गैर-द्वयसांखिक व्यक्तिको रूपमा पहिचान भएकाहरूको नागरिकताको अधिकारलाई मान्यता दिइनुपर्छ, ताकि प्रत्येक व्यक्तिको पहिचानको अधिकार सुनिश्चित गर्न सकियोस्।**

यसका लागि पारलैङ्गिक महिला, पारलैङ्गिक पुरुष, तेश्रो-लिंगी, अन्तरलिंगी पुरुष, अन्तरलिंगी महिला, गैर-द्वयसांखिक व्यक्तिलाई उनीहरूको छनोट अनुरुप सम्पूर्ण आधिकारिक पहिचानका कागजातहरूमा चिकित्सा हस्तक्षेपको प्रमाण बिना नै उनीहरूको कानुनी लैंगिक सुचक एवं नामहरू परिवर्तन गर्ने अधिकार छ भन्ने स्पष्ट रूपमा उल्लेख गर्दै सरकारी निर्देशन जारी एवं लागू गर्न आवश्यक छ। त्यसैगरी, पहिलो पटक नागरिकताको कागजात प्राप्त गर्दा पारलैङ्गिक महिला, पारलैङ्गिक पुरुष, तेश्रो-लिंगी, अन्तरलिंगी पुरुष, अन्तरलिंगी महिला, गैर-द्वयसांखिक व्यक्तिहरूले सामना गर्ने चुनौतीहरूलाई सम्बोधन गर्न पनि उत्तिकै महत्त्वपूर्ण हुनेछ।

**LGBTIQ+ व्यक्तिहरूको विवाहका लागि समान अधिकार सुनिश्चित गर्ने ।**

यसका लागि मुलुकी देवानी (संहिता) ऐन, २०७४ को दफा ६७ लाई संशोधन गरि विवाहलाई यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक प्रस्तुतीकरण र यौन विशेषता (यौभिकयौता)को आधारमा भेदभाव नगरी सबैलाई समान रूपमा मान्यता दिनुपर्दछ । यसबाहेक, कानून र नियमहरूले LGBTIQ+ व्यक्तिहरूलाई महत्त्वपूर्ण कागजातहरूको लागि धर्मपुत्र-धर्मपुत्री (adoption), तिनीहरूका बालबालिकाको नागरिकता, अभिभावकको जिम्मेवारी वा अधिकार, सम्बन्धविच्छेद, उत्तराधिकार, सम्पत्ति विभाजन, जीवनसाथी/साझेदारमा सम्पत्ति हस्तान्तरण, र भिसा अधिकार/प्रवेश अनुमतिहरू लगायतका आफ्नो परिवारसँग सम्बन्धित सबै मामिलामा समान अधिकारहरू प्रयोग गर्न सक्छन् भन्ने कुरा सुनिश्चित गर्नुपर्छ । । त्यसै गरी, कानूनहरूले यौभिकयौता-समावेशी शब्दहरू समावेश गर्नुपर्छ जस्तै "आमा" वा "बुवा" को सट्टामा "अभिभावक", अनि "पति" र "पत्नी" को सट्टामा "जीवनसाथी"।

## शिक्षा क्षेत्रले के गर्न सक्छ ?

**LGBTIQ+ विद्यार्थीहरूको लागि सुरक्षित विद्यालय वातावरणको स्थापना गर्ने ।**

हिंसाको जोखिममा रहेका LGBTIQ+ विद्यार्थीहरूलाई लक्षित गरेर कुनै पनि प्रकारका अभद्र व्यवहार एवं हैरानी दिने कार्यहरू विरुद्ध (anti–bullying) ठोस नीतिहरू निर्माण गर्नुपर्छ र उनीहरूमाथि हुने हिंसाको गोप्य रूपमा रिपोर्ट गर्ने प्रक्रियाहरूको विकास गरिनुपर्छ। साथै LGBTIQ+ विद्यार्थीहरू विरुद्धको हिंसालाई व्यवस्थापन गर्न शिक्षक र अन्य कर्मचारीहरूको क्षमता विकास गरिनु महत्वपूर्ण हुन्छ ।

**राष्ट्रिय विद्यालय पाठ्यक्रममा यौन अभिमुखीकरण र लैंगिक पहिचानका विषयहरूलाई सामेल गर्ने ।**

विद्यालयको पाठ्यक्रममा LGBTIQ+ समुदायबारे सामग्री समावेश गरिनुपर्छ र निन्दाजन्य सामग्री हटाइनुपर्छ । शिक्षकहरूलाई यौनजन्य एवं लैंगिक विभिदता सम्बन्धित सामग्री प्रदान गरी प्रशिक्षण र क्षमता अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गरिनुपर्छ ।

## सेवा प्रदायकहरुले के गर्न सक्छन् ?

**LGBTIQ+ व्यक्तिहरूको अनुभव र अधिकारको क्षेत्रमा काम गर्ने सेवा प्रदायकहरूको क्षमता अभिवृद्धि गरिनुपर्छ ।**

ताकि उनीहरूले LGBTIQ+ व्यक्तिहरू विरुद्ध हुने हिंसालाई सम्बोधन गर्न आफ्नो भूमिका अझ प्रभावकारी बनाउन सकून् । यसमा LGBTIQ+ व्यक्तिहरूप्रति विभेदकारी व्यवहारलाई सम्बोधन गर्नको लागि समाजको मूल्य-मान्यता परिवर्तनमा पहल गर्न जरुरी छ । LGBTIQ+ अधिकार र मुद्दाहरूमा नीति निर्माताहरूबीच चेतना र ज्ञान बढाउनु यी पहलहरूको उद्देश्य हुनेछ । यसका लागि सरकार र LGBTIQ+ अधिकारको वकालत गर्ने संस्थाहरूबीचको संवादलाई बढावा दिन आवश्यक छ जसको निम्ति LGBTIQ+ व्यक्तिहरूलाई नीति निर्माता र सेवा प्रदायकहरूसँग संलग्न हुन मञ्च उपलब्ध गराउनु पर्दछ । दुवै सरोकारवालाहरूले LGBTIQ+ समुदायहरूको आवश्यकता र सरोकारहरूलाई आत्मसात् गर्न यस अवसरको उपयोग गर्न जरुरी छ र साथै, LGBTIQ+ अधिकार र मुद्दाहरूप्रति जागरूकता अभिवृद्धि गर्ने उद्देश्य सहितका पहलहरूमा सहकार्य गर्ने तरिकाहरूको पहिचान गर्न आवश्यक छ ।

**लैङ्गिक हिंसा (GBV) रोकथाम र सम्बोधन कार्यक्रमहरूले यस्ता हिंसाका कारकहरूलाई सम्बोधन गर्दछ भनी सुनिश्चित गरिनुपर्छ, विशेष गरी जात/जातीयता, सामाजिक-आर्थिक अवस्था र अपाङ्गताको सम्बन्धमा ।**

यस अध्ययनको निष्कर्षले हिंसामा LGBTIQ+ व्यक्तिहरूको जोखिम वृद्धि गर्ने जोखिम कारक एवं विभेदका अन्तरसम्बन्ध रूपहरू (intersecting forms of discrimination) अझ सूक्ष्म रूपमा बुझ्नुपर्ने कुरामा जोड दिएको छ । सामाजिक-आर्थिक अवस्था, अपाङ्गता र जात/जातीयताको अन्तरसम्बन्धलाई विचार गरी नीति निर्माता एवं सेवा प्रदायकहरूले LGBTIQ+ समुदायले सामना गर्ने चुनौतीहरूलाई सम्बोधन गर्न लक्षित र थप प्रभावकारी कार्यक्रमहरूको विकास गर्न सक्छन् । यस अध्ययनको तथ्यांकले देखाए अनुसार LGBTIQ+ समुदायहरू माथि हिंसाको सम्भावना वृद्धि गर्ने अन्तरसम्बन्ध कारकहरू (intersectional factors) को बारेमा गहिरो अध्ययन गर्न जरुरी छ । साथै, नेपालका LGBTIQ+ व्यक्तिहरूमाथि हुने हिंसाको रोकथाम तथा सहायता प्रदान गर्न कसरी लैङ्गिक हिंसा रोकथाम एवं सहायता कार्यक्रमहरूले अन्तरसम्बन्ध पद्धति प्रभावकारी रूपमा कार्यान्वयन गर्दछन् त्यस बारेमा पनि अध्ययन गर्नुपर्ने आवश्यकता देखिन्छ ।

**LGBTIQ+ व्यक्तिहरू विरुद्ध हुने हिंसामा प्रभावकारी र उपयुक्त प्रहरी सहायता सुनिश्चित गरिनुपर्छ ।**

यसको लागि LGBTIQ+ व्यक्तिहरू विरुद्ध हुने हिंसाका क्रममा सहायता दिन तयार गरिएका कार्यक्रमहरूको विकास र तिनीहरूको नियमित मूल्याङ्कन गरिनु पर्दछ । प्रहरी प्रशासनमा चेतना र ज्ञान अभिवृद्धि गराउनुपर्दछ र तोकिएका अधिकारीहरूलाई पीडितहरूको सम्पर्कको पहिलो बिन्दुको रूपमा काम गर्न सक्षम बनाउन तालिम प्रदान गर्नुपर्दछ । हिंसाको उजुरी गर्ने LGBTIQ+ व्यक्तिहरूको गोपनीयताको प्रत्याभूतिका लागि पनि विशेष ध्यान दिनुपर्छ ।

**LGBTIQ+ व्यक्तिहरूको लागि प्रभावकारी र उपयुक्त स्वास्थ्य सेवा सुनिश्चित गरिनुपर्छ ।**

जनस्वास्थ्य ऐन वि.सं. २०६५ ले गोपनीयता अनिवार्य गर्दै बिरामीहरूलाई उनीहरूको यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक प्रस्तुतीकरण र यौन विशेषता (यौभिकयौता)को आधारमा विभेद गरिने छैन भन्ने प्रावधानलाई कडाइका साथ लागू गरिनुपर्छ । स्वास्थ्य सेवा प्रदायकहरूले LGBTIQ+ व्यक्तिहरूलाई प्रदान गरिने सेवामा सुरक्षा र सम्मानको अनुभूति गराउनका लागि प्रशिक्षण लिन आवश्यक छ । मानसिक स्वास्थ्यसम्बन्धी नीति र योजनाहरूमा LGBTIQ+ समुदायलाई विभेदरहित सेवा सुनिश्चित गर्न र मानसिक स्वास्थ्य सेवामा उनीहरूको पहुँच बढाउन विशेष प्रोटोकोलहरू समावेश गरिनुपर्छ । स्वास्थ्य सेवा प्रदायक संस्थाहरूले गोपनीयता सुनिश्चित गर्न LGBTIQ+ मैत्री नीति र पूर्वाधारहरूको विकास गर्नुपर्छ ।

**लैङ्गिक हिंसाका पीडित-प्रभावितहरूका लागि निर्मित सहायता सेवामा LGBTIQ+ व्यक्तिहरूको पहुँच सुनिश्चित गरिनुपर्छ ।**

लैङ्गिक हिंसाका पीडित-प्रभावितहरूलाई चाहिने सहयोग (जस्तै आश्रय, परामर्श, वित्तीय सहायता र कानुनी सहायता) LGBTIQ+ व्यक्तिहरूको पहुँचमा छ/छैन निर्धारण गर्नको लागि हालको अध्ययनको दायराभन्दा बाहिर थप अनुसन्धान र विश्लेषणहरू आवश्यक छन् । विद्यमान लैङ्गिक हिंसाका सेवाहरूलाई उनीहरूको आवश्यकता पूर्तिका लागि परिमार्जन गर्न सकिन्छ वा नयाँ सेवाहरू स्थापना गरिनुपर्छ भन्ने कुरा सुनिश्चित गर्न जरुरी छ ।

## LGBTIQ + संगठनहरूले के गर्न सक्छन् ?

**LGBTIQ+ संस्थाहरूले निर्वाह गर्ने मध्यस्थ भूमिकाको पहिचान गरिनुपर्छ ।**

यस अध्ययनमा सहभागी LGBTIQ+ व्यक्तिहरूले आफूले भोगेका हिंसाको उजुरी दिँदा र सहायताको लागि सम्पर्क गर्दा LGBTIQ+ संस्थाहरूबाट अपेक्षित नतिजा पाएको बताएका छन् । प्रहरी प्रशासन र स्वास्थ्य सेवा प्रणालीजस्ता सेवा प्रदायकहरूले LGBTIQ+ संस्थाहरूसँगको अत्यावश्यक मध्यस्थ सम्बन्धलाई औपचारिक र सुदृढ बनाउनु पर्दछ ।

**LGBTIQ+ व्यक्तिहरूलाई असर गर्ने सबै कानून र नीतिनिर्माणमा यस समुदाय र संघसंस्थाहरूको प्रतिनिधित्व र सहभागिता सुनिश्चित गरिनुपर्छ ।**

यस अध्ययनद्वारा सिफारिस गरिएका सुधारहरूको सन्दर्भमा LGBTIQ+ समुदायको पूर्ण संलग्नता विशेष तवरले महत्त्वपूर्ण हुनेछ ।

**LGBTIQ+ व्यक्तिहरूको हकहितको लागि काम गर्ने संस्थाहरूलाई पर्याप्त मात्रामा अनि दीर्घकालीन रुपमा आर्थिक श्रोत उपलब्ध गराउने कुरा सुनिश्चित गरिनु पर्छ ।**

LGBTIQ+ व्यक्तिहरूको हकहितमा काम गर्ने संस्थाहरू उक्त समुदायका लागि अत्यन्तै महत्त्वपूर्ण छन् । यस्ता संस्थाहरूले ती समुदायलाई जानकारी, मार्गदर्शन र भावनात्मक सहायता प्रदान गर्नुका साथै LGBTIQ+ व्यक्तिहरूलाई सेवा प्रणालीको प्रयोग गर्न मद्दत गर्दछन् र उनीहरूका बन्द आवाजलाई बुलन्द बनाई सम्बन्धित ठाउँमा पुऱ्याउँदछन् । LGBTIQ+ व्यक्तिहरूको अधिकार प्राप्तिको अभियानमा अपेक्षित गरिएको सकारात्मक नतिजा उनीहरूको संगठन कति बलियो छ त्यसमा निर्भर गर्दछ ।

**अन्त्य टिप्पणी:**

१ "UN Womenले विश्वव्यापी सन्दर्भहरूमा उपयुक्त भएसम्म र भिन्नताहरूलाई सम्मान गर्दै '(LGBTIQ+)' र '(विविध यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिव्यक्ति र यौन विशेषता) यौभिकयौता' दुवै शब्दहरू प्रयोग गर्दछ । यी दुई शब्दहरू विश्वव्यापी रूपमा लागू हुँदैनन् र यौन र लिङ्ग संरचनाहरूको पूर्ण विविधता, अभ्यास र पहिचानहरूले प्रतिबिम्बित गर्दैनन् भन्ने अनुसन्धान टोलीको धारणा छ । यी शब्दहरूको प्रयोगको निरन्तर विकास भइरहेको छ र त्यो यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक प्रस्तुतीकरण र यौन विशेषता (यौभिकयौता) सबै व्यक्तिहरूमा लागू हुन्छ । व्यवहारिक रुपमा विभिन्न सांस्कृतिक, भाषिक र सन्दर्भहरूमा जहाँ जे उपयुक्त हुन्छ प्रयोग गर्न सकिन्छ ।" यो स्पष्टीकरण २०२२ मा सोफी वेस्ट-ब्राउन द्वारा लिखित UN Women को "LGBTIQ+ समानता र अधिकार- आन्तरिक संसाधन गाइड" बाट हो । गाइड अनुरोधमा उपलब्ध गराउन सकिन्छ ।

२ नेपाल सर्वोच्च अदालत । (२०६४) । *सुनिल बाबु पन्त र अन्य विरुद्ध नेपाल सरकार र अन्य । २०६४ सालको रिट नम्बर ९१७ ।*

३ नेपाल । (२०१५) । नेपालको संविधान, २०७२ (२०१५) । http://www.lawcommission.gov.np/uploads/2015/06/The-Constitution-of-Nepal-2072.pdf बाट प्राप्त ।

४ खड्गी, ए (२०७७) । क्वियर (Queer) अधिकारको कुरा गर्दा नेपालले प्रगति गरेतापनि अझै लामो यात्रा गर्न बाँकी छ । काठमाडौं पोष्ट https://kathmandupost.com/national/2020/05/17/nepal-might-have-made-progress-when-it-comes-to-Queer-rights-but-it-still-has-a-long-way-to-go बाट प्राप्त ।

५ ब्लू डायमंड सोसाइटी । (२०७०) । *नेपालमा समलिंगी, गे, द्वैलिंगी, परालिङ्गी र अन्तरलिङ्गी व्यक्तिहरूको अधिकारको उल्लङ्घन ।* लेखक: http://www2.ohchr.org/english/bodies/hrc/docs/ngos/GlobalInitiativeForSexualityAndHumanRights_Nepal108.pdf ।

६ नाइट, के. (सन् २०१४) । *नेपालको यौनजन्य र लैङ्गिक अल्पसंख्यकहरूको सर्वेक्षण: एक समावेशी दृष्टिकोण ।* Williams Institute UCLA School of Law । https://williamsinstitute.law.ucla.edu/publications/survey-sgm-nepal/; कार्य सशक्तिकरणका लागि स्रोतहरू सिर्जना गर्दै (CREA) बाट प्राप्त । (सन् २०१२) । Count me IN ! : बंगलादेश, भारत र नेपालमा अपाङ्गता भएका, समलिंगी र यौनजन्य काम गर्ने महिलाहरू विरुद्ध हिंसासम्बन्धी अनुसन्धान प्रतिवेदन । प्रजनन स्वास्थ्य मामिलाहरू, २० (३०), १९८-२०६ ।



*Illustration by Ubahang Nembang /UN Women*